# एसएनएपि र एफडिपिआइआर गैरभेदभाव अभिव्यक्तिका लागि संयुक्त आवेदन फारम

नागरिक अधिकार सम्बन्धी संघीय कानुन र संयुक्त राज्य अमेरिकाको कृषि विभाग (युएसडिए) को नागरिक अधिकार सम्बन्धी नीति नियमहरु बमोजिम युएसडिए, यसका एजेन्सीहरु, कार्यालयहरु र कर्मचारीहरु र युएसडिएको कार्यक्रमहरु व्यवस्थापन गर्ने वा ती कार्यक्रमहरुमा सहभागी भएका संस्थाहरुले जात, रंग, राष्ट्रियता, लिङ्ग (लैङ्गिक पहिचान र यौनिक अभिमुखीकरण लगायत), धार्मिक आस्था, अशक्तता, उमेर, राजनीतिक विश्वास, वा युएसडिएले आयोजना गरेको वा आर्थिक सहयोग प्रदान गरेको कुनै पनि कार्यक्रम वा गतिविधिमा पूर्व नागरिक अधिकार सम्बन्धी गतिविधिको बदलामा वा प्रतिशोधका आधारमा भेदभाव गर्न निषेध गरिएको छ । संयुक्त राज्य अमेरिकाको स्वास्थ्य तथा मानव सेवा विभाग (एचएचएस) बाट संघीय वित्तीय सहयोग प्राप्त गर्ने कार्यक्रमहरु जस्तै गरिव परिवारका लागि अस्थायी सहयोग (टिएएनएफ), र एचएचएसले प्रत्यक्ष रुपमा संचालन गर्ने कार्यक्रमहरुले समेत नागरिक अधिकार सम्बन्धी संघीय कानुन र एचएचएसको नियमावलीहरु अन्तर्गत भेदभाव गर्न निषेध गरिएको छ ।

कार्यक्रमको जानकारी प्राप्त गर्न ब्रेल, ठूलो प्रिन्ट, अडियोटेप, अमेरिकन सांकेतिक भाषा जस्ता वैकल्पिक माध्यमहरु आवश्यक भएका अशक्त व्यक्तिहरुले आफ्नो हितका लागि आवेदन दिएको एजेन्सीमा (राज्य वा स्थानीय) सम्पर्कगर्नुपर्छ। बहिरो, सुन्न वा कठिनाइ हुने व्यक्तिहरुले संघीय रिले सेवाको (८००) ८७७-८३३९ मार्फत युएसडिएलाई सम्पर्कगर्न सक्दछन्। त्यसैगरी अङ्ग्रेजी बाहेक अन्य भाषामा पनि कार्यक्रमको जानकारी उपलब्ध गराउन सकिनेछ ।

## युएसडिए कार्यक्रमहरु समावेश हुने नागरिक अधिकार सम्बन्धी उजुरीहरु

पूरक पोषण सहायता कार्यक्रम (एसएनएपि), भारतीय आरक्षणमा खाद्य वितरण कार्यक्रम (एफडिपिआइआर) लगायतका धेरै खाद्य सुरक्षा तथा भोक न्यूनीकरण कार्यकमर्हरूमा युएसिडएले संघीय आर्थिक सहायता पदार्न गर्दछ । कार्यकमर् भेदभाव िवरुद्ध उजुरी दर्ता गर्न https://www.fns.usda.gov/sites/default/files/resource-files/ad3027-nepali.pdf मा र युएसिडएको कुनै िपन कार्यालयमा कार्यकमर् भेदभाव उजुरी फारम (एडि-3027) भर्नुहोस् वा युएसिडएलाई सम्बोधन गरी पतर् लेख्नुहोस र फारममा उल्लेख गर्नुपर्ने सम्पूर्ण सूचनाहरु पतमार् उल्लेख गर्नुहोस् । उजुरी फारमको िपर्ितिलप माग गर्नका लागि (८६६) ६३२-९९२ मा सम्पर्क गर्नुहोस् । पूर्ण रुपमा भरिएको फारम वा पतर् युएसिडएमा दे हाय बमोजिम बुझाउनुहोसः

1. **हुलाक:** खाद्य तथा पोषण सेवा, युएसडिए
   1320 ब्राड्डुक प्लेस, कोठा 334, अलेक्जान्ड्रिया, भिए 22314; वा
2. **फ्याक्स:** (833) 256-1665 वा (202) 690-7442; वा
3. **फोन**: (833) 620-1071; वा
4. **इमेल:** FNSCIVILRIGHTSCOMPLAINTS@usda.gov.

एसएनएपि सम्बन्धी समस्याहरूका सम्बन्धमा कुनै अन्य जानकारीको लागि युएसडिए एसएनएपि हटलाइन नम्बर (800) 221-5689 मा सम्पर्क गर्नुपर्छ जुन स्पेनिसमा पनि छ, वा राज्यको सूचना/हटलाइन नम्बरहरूमा सम्पर्क गर्नुपर्छ (राज्यको हटलाइन नम्बरहरूको सूचीको लागि लिङ्क क्लिक गर्नुहोस्।); https://www.fns.usda.gov/snap/state-directory.

## एचएचएस कार्यक्रमहरु समावेश हुने नागरिक अधिकार सम्बन्धी उजुरीहरु

टिएएनएफ, हेड स्टार्ट, न्यून आय भएका घरका लागि उर्जा सहयोग कार्यक्रम (एलआइएचईएपि) लगायत स्वास्थ्य तथा सबलता अभिवृद्धि गर्नका लागि धेरै कार्यक्रमहरूमा एचएचएसले संघीय आर्थिक सहायता प्रदान गर्दछ । यदि तपाईलाई तपाईको जात, रङ्ग, राष्ट्रियता, अशक्तता, उमेर, लिङ्ग (गर्भावस्था, यौनिक अभिमुखीकरण र लैङ्गिक पहिचान लगायत), वा धार्मिक आस्थाको आधारमा एचएचएसले प्रत्यक्ष रुपमा आयोजना गरेको वा एचएचएसले संघीय आर्थिक सहायता प्रदान गरेको कुनै पनि कार्यक्रम वा गतिविधिमा भेदभाव गरेको लागेमा तपाईले आफ्नो लागि वा अरु कसैको लागि नागरिक अधिकारको कार्यालय (ओसिआर) मा उजुरी दर्ता गर्न सक्नुहुन्छ ।

एचएचएस मार्फत संघीय आर्थिक सहायता प्राप्त भएको कार्यक्रमका सम्बन्धमा आफ्नो लागि वा अरु कसैको लागि भेदभाव विरुद्ध उजुरी दर्ता गर्न ओसिआरको उजुरी पोर्टल https://ocrportal.hhs.gov/ocr/. मा गई फारम भर्नुहोस् । तपाईले ओसिआरमा मेल मार्फत पनि सम्पर्क गर्न सक्नुहुन्छ: केन्द्रीकृत मुद्दा व्यवस्थापन सञ्चालन, यू.एस. स्वास्थ्य तथा मानव सेवा विभाग, 200 इन्डिपेन्डेन्स एभिन्यू, एस.डब्लु., कोठा 509एफ एचएचएच बिएलडिजि, वासिङ्गटन, डि.सि. 20201; फ्याक्स: (२०२) ६१९-३८१८; वा इमेल: OCRmail@hhs.gov. तिव्र प्रक्रियाको लागि मेल मार्फत दर्ता गर्नु भन्दा पनि ओसिआरको अनलाइन पोर्टल प्रयोग गरी उजुरी दर्ता गर्नका लागि प्रोत्साहन गर्दछौं । नागरिक अधिकार सम्बन्धी उजुरी दर्ता गर्न सहयोग चाहिने व्यक्तिहरूले ओसिआरको OCRMail@hhs.gov मा इमेल वा ओसिआरको टोल-फ्री 1-800-368-1०१९, टिडिडि १-८००-५३७-७६९७ मा सम्पर्क गर्न सक्नेछन् । बहिरो, सुन्न नसक्ने, वा बोल्न कठिनाइ भएका

व्यक्तिहरूले दुरसञ्चार रिले सेवाहरूको पहुँचका लागि कृपया 7-1-1 डायल गर्नुहोस् । उजुरी दायर गर्नका लागि हामी वैकल्पिक ढाँचाहरू (जस्तै ब्रेल र ठूलो प्रिन्ट), सहायक सहायताहरू र भाषा सहायता सेवाहरू निःशुल्क रुपमा उपलब्ध गराउँछौं ।

यो संस्था समान अवसर प्रदायक हो ।